# सापटी (कर्जी) बारेको सवाल सनद, आदेश खारेज गर्ने नियमहरू, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२१।१।२९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सापटी (कर्जी) बारेको सवाल सनद, आदेश खारेज गर्ने नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **माल अड्डाहरूबाट सापटी (कर्जी) गएको असुल उपर गर्ने** : माल अड्डाहरूबाट सर्वसाधारण जनतामा बखत बखतमा नगदी जिन्सी सापटी (कर्जी) गैरहेकोमा त्यस्तो सापटी गएको कूल अङ्कको तीन खण्डको हिसाबले तीन वर्षभित्रमा प्रत्येक वर्ष एक किस्ता (एक खण्ड) असुल उपर गरिनेछ ।

तर त्यस्तो किस्ताबन्दीको रकम (नगदी वा जिन्सी) प्रत्येक वर्षको मार्ग महिनादेखि सोही वर्षको माघ मसान्तसम्ममा असुल उपर गरिनेछ ।

३. **कर्जा लगानी बारेको सवाल सनद, आदेशहरूको खारेजी** : कर्जी लगानी बारेको यस अघि भैरहेका सवाल सनद, आदेशहरू सबै खारेज गरिएका छन् ।

नेपाल कानून आयोग